दुप्चेश्वर गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ७ संख्या ०४ श्रावण २५, २०८० साल

## भाग-२

## दुप्चेश्वर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## समुन्द्रटार, नुवाकोट

बागमती प्रदेश, नेपाल

## दुप्चेश्वर गाउँपालिकको सडक हेरालु व्यवस्थापन कार्यविधि-२०८०

# "दुप्चेश्वर गाउँपालिकको सडक हेरालु व्यवस्थापन कार्यविधि-२०८०"

**कार्यपालिका बाट स्वीकृत मितिः २०८०।०४।२५**

## प्रस्तावनाः

दुप्चेश्वर गाउँपालिका अन्तर्गतका रहेका विभिन्न सडकहरुको मर्मत सम्भार गरी दिगो रुपमा यातायात संचालन गर्नका लागी यस गाउँपालिकाका विभिन्न वडाहरु भित्र रहेका महत्पूर्ण सडकहरुलाई १२ महिना संचालन गर्नु पर्ने र सो का लागि सडक हेरालु राख्दा मर्मत संभार खर्चमा समेत काम लाग्ने भएको हुँदा साथै सो का लागि सम्बन्धित वडा समितिबाट बजेट समेत विनियोजन भएकाले उक्त कार्यलाई व्यवस्थित, मर्यादित र नियम सँगत बनाउनका लागि बान्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम गाउँ कार्यपालिकाको मिति २०८०।०४।२५ गतेको बैठकले यो कार्यविधि पारित गरी जारी गरेको छ ।

# परिच्छेद-१

## प्रारम्भिक

### १) विषय र प्रसंगले अर्को अर्थ नलागेमा

क. यस कार्यविधिको नाम "*दुप्चेश्वर गाउँपालिकाको सडक हेरालु व्यवस्थापन कार्यविधि २०८०*" रहने छ ।

ख. "**अध्यक्ष**" भन्नाले दुप्चेश्वर गाउँपालिकाको अध्यक्ष सम्झनुपर्दछ ।

ग. "**उपाध्यक्ष**" भन्नाले दुप्चेश्वर गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

ध. "**प्रमुख प्रशासकीय अधिकृत**" भन्नाले दुप्चेश्वर गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

ङ. "**वडाध्यक्ष**" भन्नाले दुप्चेश्वर गाउँपालिका अन्तर्गतका वडा अध्यक्ष सम्झनु पर्दछ ।

च. 'हेरालु' भन्नाले दुप्चेश्वर गाउँपालिका अन्तर्गत रहेका विभिन्न सडक मर्मत सम्भार गर्न खटिएका कर्मचारी सम्झनु पर्दछ ।

छ. "छनौट समिति" भन्नाले सडक हेरालु छनौट समिति सम्झनु पर्दछ ।

ज. "सडक" भन्नाले दुप्चेश्वर गाउँपालिका अन्तर्गतका राष्ट्रिय राजमार्ग बाहेकका वडा स्थित विभिन्न सडकहरु सम्झनु पर्दछ ।

झ. "पोशाक" भन्नाले हेरालुले लगाउने निश्चित प्रकारको पोशाक सम्झनु पर्दछ ।

ब. "औजार" भन्नाले हेरालुले सडक मर्मतका लागि प्रयोग गर्ने औजार सम्झनु पर्दछ ।

ट. "अनुगमन समिति" भन्नाले हेरालुद्वारा मर्मत संम्भार भएका सडक अनुगमन गर्ने समिति सम्झनु पर्दछ ।

ठ. यो कार्यविधि राजपत्रमा प्रकाशन भएपछी तुरुन्त लागु हुने छ।

## २) कार्यक्षेत्र

क. हेरालुहरुको कार्यक्षेत्र यस दुप्चेश्वर गाउँपालिका अन्तर्गत रहेका सडक क्षेत्रहरु हुनेछ ।

ख. गाउँपालिका तथा वडाले तोकिएको सडकमा हेरालु खटाउन सकिनेछ ।

ग. उपदफा (२) बमोजिम सडक हेरालु खटाउदा अध्यक्ष, उपाध्यक्ष, सम्बन्धित वडाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतले समन्वय गरी आवश्यकता अनुसार खटाउन सक्नेछ ।

## ३) कार्य

**सडक हेरालुहरुको कार्य प्रकृति देहाय बमोजिम हुनेछः**

- सडक मर्मत सम्बन्धी कार्यहरु ।
- सडकमा पर्ने खाल्डाहरु पुर्ने, सुख्खा ढुंगा ओछ्याउने, भत्केका किनारा मिलाउने कार्य ।
- सडकलाई टेवा दिने पर्खाल लगाउने, धाँजाहरु पुर्ने, कटान मर्मत गर्ने ।
- सडकको साना साना पहिरो र ढुंगा हटाउने, पानीले खोलेको प्वाल टाल्ने ।
- नाली मर्मत तथा अन्य क्षतिको मर्मत, पुलेसा मर्मत, कजवे मर्मत र सफा गर्ने, झारपात सफा गर्ने, ट्राफिक संकेत सफा र मर्मत गर्ने, तथा नाली नभएको स्थानमा पानी निकासाको लागि अस्थायी नाली बनाउने ।
- सडक सरसफाइ गर्ने ।

- सडकमा पानी जमेको अवस्थामा अनिवार्य रुपमा यथाशिघ्र सो जमेको पानी निकास गर्ने ।
- पहिरो सम्भावित सडक क्षेत्रमा दायाँ बायाँ वृक्षरोपण गर्ने ।
- आवश्यकता अनुसार अन्य कार्य गर्ने ।

## ४) सडक हेरालु छनौट समिति

- सडक हेरालु छनोट सम्बन्धीत वडा बाट हुनेछ।
- सम्बन्धीत वडाको वडा समितिले हेरालु छनोट समितिको रुपमा कार्य गर्नेछ।

## ५) सडक हेरालु अनुगमन समिति

सडक हेरालुले आ-आफ्नो दायित्व अनुसार काम गरे नगरेको अनुगमन गर्न देहायको समिति गठन गरिएको छ।

- उपाध्यक्ष -संयोजक
- प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृतस्तरको एक जना कर्मचारी-सदस्य
- सडक रहेको वडाको वडा अध्यक्ष-सदस्य
- वडा प्राविधिक- सदस्य
- योजना शाखा प्रमुख-सदस्य सचिव

## ६) छनौट प्रकृया

सडकको मर्मत सम्भार गर्न सडक हेरालु छनौट सम्बन्धित वडा समितिबाट हुनेछ । सम्बन्धित वडाको वडा समितिले छनौट समितिको काम गर्नेछ ।साथै छनौट  प्रकिया देहाय बमोजिम हुनेछ ।

क. सडक हेरालुका लागि उपयुक्त उमेद्वारको आवेदन माग गर्नका लागी सम्बन्धित वडा कार्यालयबाट गाउँकार्यपालिकाको अनिवार्य स्वीकृती लिई न्यूनतम सात दिन अवधिको सूचना प्रकाशन वडा कार्यालय मार्फत गर्नुपर्नेछ ।

ख. तोकिएको समयमा रितपुर्वक पेश भएको दरखास्तहरु दर्ता गरी सम्पर्क मिति तोकिने छ।

ग. तोकिएको मितिमा अन्तवार्ताको माध्यमबाट छनोट गरिनेछ ।

घ. हेरालु छनौट प्रक्रिया देहायको योग्यताको परिधि भित्र रही गर्नुपर्ने छ ।

- सम्बन्धित वडाको स्थायी वासिन्दा भएको,
- उमेर १८ वर्ष पुरा भई ५८ वर्ष ननाघेको,

- आर्थिक अवस्था कमजोर रहेको,
- काम प्रतिको जिम्मेवारी जावफदेहीता बहन गर्ने,
- स्वास्थ्य विमा अनिवार्य गरेको हुनुपर्ने ।
- विगतका समेत सडक सँरक्षक तथा हेरालु भई काम गरेको अनुभवी एवं सडक सम्बन्धी काम गर्न जानेको व्यक्ति तथा सम्बन्धित सडक नजिकको स्थायी बासिन्दालाई प्राथमिकता दिइनेछ ।

ङ. छनौट समितिबाट सिफारिश भएका हेरालु उमेद्वारहरुलाई करार सम्झौता तथा नियुक्ति गाउँ कार्यपालिकाको कार्यालयले दिनेछ ।करार सम्झौता गर्नुपुर्व सिफारिसको क्रममा प्रचलित मापदण्डको पालना भए नभएको एकिन गर्ने जिम्मा गाउँकार्यपालिकाको कार्यालयको हुनेछ । सिफारिस भएको उमेद्वारहरुको म्याद करार सम्झौता बमोजिम हुनेछ ।

**७) हेरालुको दैनिक कार्य समय**

**क. हेरालुको कार्य समय देहाय बमोजिम हुनेछ :**

- दिनमा ६ घण्टा तोकिएको सडकमा मर्मत सम्भार गर्नुपर्नेछ तर भैपरी आएमा वा सडकमा कुनै कारणले सवारी आवागमन ठप्प भएको अवस्थामा हेरालुबाट

मर्मत गर्न सक्ने अवस्था भएमा अतिरिक्त समय समेत काम गर्नुपर्नेछ ।

- सडक हेरालुले हेर्नु पर्ने सडक तोकिए बमोजिम हुनेछ ।

## ८) सेवा सुविधा

क. सडक हेरालुको सेवा सुविधा प्रधानमन्त्री रोजगार कार्यक्रमको मापदण्ड अनुसार (अदक्ष ज्यामी अनुसार जिल्लाले तोकेको दररेट ) हुनेछ।तर मिति २०७७ श्रावण भन्दा पहिलादेखी बाह्रै महिना सडक सँरक्षण गर्ने गरी नियुक्त भएका सडक हेरालु तथा सँरक्षकको हकमा कार्यालय सहयोगी वा सो सरह सेवा सुविधा उपलब्ध हुनेछ ।

ख. हेरालुलाई चाहिने आवश्यक सामग्री, पोशाक र औजार गाउँपालिका तथा वडा कार्यालयले उपलब्ध गराउने छ ।

ग. सड़क हेरालुहरुको खाइपाइ आएको सेवा सुविधा भुक्तानी गर्दा बैंक मार्फत गर्नुपर्ने छ ।

घ. सम्बन्धीत वडाबाट प्रमाणित हाजिरी र सिफारिसको आधारमा मात्र महिना भुक्तान भएपछि वा म्याद सम्पन्न भएपछी सेवा सुविधा उपलब्ध गराइने छ।

## ९) विविध

यो कार्यविधि कार्यान्वयन गर्ने क्रममा थप व्याख्या वा व्यवस्था गर्नु परेमा यस कार्यविधि तथा प्रचलित कानूनसँग नबाझिने गरी गाउँपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ । यो कार्यविधि निर्माण गर्नु भन्दा अगाडि देखि कार्यरत सडक हेरालु यसै कार्यविधि बमोजिम भएको मानिने छ ।

**आज्ञाले**
**दिपेश रिजाल**
**प्रमुख प्रशासकीय अधिकृत**